*सम्वत् २०७७ सालको ऐन नं. :*

## <u>प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई पहिलो संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>:** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा २ मा संशोधन</u>:** प्रदेश लोक सेवा आयोग ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड "(घ)" पछिको खण्ड "(च)" लाई खण्ड "(ङ)" बनाई सोही अनुरूप अरु खण्डक्रम मिलाइएका छन् ।

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u>:** मूल ऐनको दफा ३ को उपदफा (७) मा रहेका "कुनै सरकारी सेवामा रहेका" भन्ने शब्दहरू झिकी सोको सट्टा "कुनै सरकारी सेवामा रही कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा एघारौं तहबाट सेवा निवृत्त भएका" भन्ने शब्दहरू राखिएका छन् ।

४. **<u>मूल ऐनको दफा ७ मा संशोधन</u>:** मूल ऐनको दफा ७ झिकी त्यसपछिका अन्य दफाहरूको क्रम मिलाइएको छ।

५. **<u>मूल ऐनको दफा २० मा संशोधन</u>:** मूल ऐनको दफा २० मा उपदफा (५) पछि उपदफा (७) भइ क्रम नमिलेकोले उपदफा "(७)" लाई उपदफा "(६)" बनाइएको छ।

६. **<u>मूल ऐनको दफा ४६ मा संशोधन</u>:** मूल ऐनको दफा ४६ मा रहेका "सहायक स्तरका पदमा" भन्ने शब्दहरू हटाइएका छन् ।

७. **<u>मूल ऐनको दफा ५३ मा संशोधन</u>:** मूल ऐनको दफा ५३ को उपदफा (२) मा रहेका "उपदफा (२)" भन्ने शब्द र अङ्कको सट्टा "उपदफा (१)" भन्ने शब्द र अङ्क राखिएका छन् ।

८. **<u>मूल ऐनको दफा ६६ मा संशोधन</u>:** मूल ऐनको दफा ६६ मा रहेको "सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१" भन्ने शब्दहरू र अङ्कहरूको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" भन्ने शब्दहरू र अङ्कहरू राखिएका छन्।

कर्णाली प्रदेश सभाको सम्वत् २०७७ साल जेठ ३० गते बसेको बैठकद्वारा पारित यो विधेयक नेपालको संविधानको धारा २०१ (१) बमोजिम प्रमाणित गर्दछु ।

..............................

राज बहादुर शाही

सभामुख

कर्णाली प्रदेश